परिवर्तनका लागि एक नयाँ आवाज

टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

वर्ष : ३ अंक : ३५६ पष्ठ ४ २०८२ असोज २५ गते, शनिबार 11 October, 2025 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।



मुख्यमन्त्री सिंहले २८ गते विश्वासको मत लिने



टक नेपाल

मधेश प्रदेशको मुख्यमन्त्री सतिशकुमार सिंहले असोज २८ गते प्रदेशसभाबाट विश्वासको मत लिने हुनु भएको छ । मुख्यमन्त्री सिंहले संविधानको धारा १८८ को उपधारा (२) बमोजिम असोज २८ गते विश्वासको मतका लागि व्यवस्था मिलाइदिन प्रदेशसभालाई शुक्रबार पत्राचार गर्नुभएको हो ।

जनमत पार्टीबाटै मुख्मन्त्री बन्नुभएका सिंहलाई जनमत पार्टी, ने पाली काँग्रेस र नेकपा (एमाले) ले समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री सिंहले राजीनामा नदिइ प्रदेशसभामै सामना गर्ने रणनीतिअनुसार असोज २८ गते विश्वासको मत लिनेगरी प्रदे श सभालाई पत्राचार गर्नुभएको हो ।

यसअघि मधेश प्रदेशका प्रदेश प्रमुखको अह्वानवेगर मधेश प्रदे शमा नेकपा (एमाले), नेपाली काँग्रेस र जनमत पार्टीले संयुक्त रुपमा नेपाली काँग्रेस सँसदीय दलका नेता कृष्णा यादवलाई मधेश प्रदेशको मुख्यमन्त्रीमा नियुक्तिका लागि ५८ जना प्रदेशसभा सदस्यको समर्थनसहितको दावीपत्र प्रदेश प्रमुखको कार्यालयमा पेश गरेको भएको थियो ।

मुख्यमन्त्री सिंहको राजीनामा नआएको कारण प्रदेश प्रमुख कार्यालयले तत्काल कुनै प्रक्रिया चालेको छैन । असोज २८ गतेपछि मात्र मधेश प्रदेशमा मुख्यमन्त्री सिंह नेतृत्वकै सरकार रहनेकि नयाँ सरकार गठन हुने विषय टुङ्गो लाग्नेछ ।

'जेनजी आन्दोलन' का क्रममा

गोली लागी घाइते संजित यादव घर फर्किए



टक नेपाल

काठमाडौंमा भाद्र २३ गते भएको 'जेनजी आन्दोलन'का क्रममा गोली लागी घाइते भएका महोत्तरीको औरही नगरपालिका-८ टिम्कियाका २६ वर्षीय संजित यादव घर फर्किएका छन्।

आन्दोलनकै क्रममा दाहिने खुट्टामा दुई गोली लागेपछि उनका साथीहरूले उनलाई तत्कालै काठमाडौं मेडिकल कलेज, सिनामंगल पुऱ्याएका थिए। त्यहाँ करिब एक महिना उपचार गराएपछि यादव असोज २१ गते घर फर्किएका हुन्।

अस्पतालमा रहँदै गर्दा उनको उपचार खर्च नेपाल सरकारले व्यहोरेको भए पनि अहिले घर फर्केपछि उनी आफैंले थप उपचार गराइरहेका छन्।

"सामाजिक सञ्जालमा युवाहरू परिवर्तनका लागि सडकमा उत्रिएको देखेँ। म पनि युवा हुँ, परिवर्तन जरुरी छ भन्ने सोचेर काठमाडौं गएको थिएँ," यादवले सम्झिए। उनका अनुसार आन्दोलन भएको दिन स्पष्ट नेतृत्व नदेखिए पनि परिवर्तनको चाहनाले सबै युवालाई सडकमा ल्याएको थियो।

घाइते यादवका पिता राजकिशोर यादवले भने, "मेरो छोरा परिवर्तनका लागि लड्न गएको हो। ऊ घाइते भएको कुरा हामीले एक हप्ता पछि मात्र थाहा पायौं। छोरा परिवर्तनका लागि लडेकोमा गर्व छ, म उसको साथमा छु," भन्दै आफ्नो धारणा व्यक्त गरे।

यसैबीच, महोत्तरीबाट 'जेनजी आन्दोलन'को नेतृत्व गर्दै आएका भाष्कर झा यादवले संजित यादवलाई अबिर र माला लगाएर सम्मान गरेका छन्। उनले भने, "हाम्रो जिल्लाको एक जना युवा आन्दोलनमा घाइते भए तर प्रहरी, जिल्ला प्रशासन कार्यालय र सम्बन्धित निकायलाई यसको जानकारी नहुनु दुःखद् कुरा हो।"भाष्कर झा यादव स्वयं पनि औरही नगरपालिका-१ निवासी हुन्।





पविर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily राष्ट्रिय दैनिक

सम्पादकीय

जेन–जी आन्दोलन, लोकतन्त्रको सर्भिसिङ

जेन-जी आन्दोलनले दशकौंयताका नेपालीले प्रत्यक्ष देख्न नसकेको शासन-परिवर्तनको दृश्य देखायो– दुई दिनमै सरकार ढल्यो, नेताहरू भागाभाग भए र जनधनको क्षति भयो। यो केवल सरकारविरुद्धको असन्तोष होइन, समाजमा दशकौंदेखि जम्दै गएको निराशाको विस्फोट थियो। बेरोजगारी, भ्रष्टाचार, अवसरहीनता र असमानताले युवामा संचित रोषले सडकको रूप लियो।

समाजशास्त्री सी. राइटस् मिल्सले भनेझैं, व्यक्तिगत जीवन र सामाजिक संरचनाबीच गहिरो सम्बन्ध हुन्छ। यही सम्बन्ध बुझेका युवाले भाग्यवाद होइन, संरचनागत अन्यायविरुद्ध उठेका हुन्। यो आन्दोलन नेतृत्वविहीन, स्वतःस्फूर्त र उद्देश्यतः सुधारमुखी थियो, जसले गणतन्त्र र लोकतन्त्रप्रति नयाँ प्रतिबद्धता पनि देखायो।

यद्यपि, आन्दोलनको क्रममा देखिएको हिंसा, तोडफोड र बदलाको मनोवृत्तिले चिन्ताको कारण बनेको छ। लोकतन्त्रलाई सर्भिसिङ गर्न आवश्यक पारदर्शिता, जवाफदेहिता र सामाजिक मेलमिलापमा जोड दिन जरुरी छ। दण्ड मात्र होइन, सहमति र क्षमाको संस्कृति पनि स्थापित हुनुपर्छ।

सबैभन्दा सकारात्मक पक्ष भनेको– यो आन्दोलनले युवाको राजनीतिप्रतिको चासो पुनः जगाएको छ। स्वतन्त्र सोचका साथ राजनीतिमा सक्रिय जेन-जी पुस्ताले लोकतन्त्रलाई बलियो बनाउन सक्छ, यदि राज्यले उनीहरूको समान अवसर र आवाजलाई स्थान दिन सकोस् भने।

संविधान रक्षाका लागि निर्वाचन अपरिहार्य



• टक नेपाल

जेनजी विद्रोहबाट सत्ता उथलपुथल भएको लामो समयपछि बल्ल विघटित सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दल सर्वदलीय परामर्शमा जुटेका छन्। राष्ट्रपति रामचन्द्र पौडेलको आह्वान एवं प्रधानमन्त्री सुशीला कार्कीको उपस्थितिमा जेनजी आन्दोलन, नयाँ सरकार, फागुन २१ गतेका लागि घोषित निर्वाचन र समसामयिक राजनीतिक विषयमा दलहरू संवादमा जुटेका हुन्।

सिंहदरबार, सर्वोच्च अदालत, सङ्घीय संसद् भवनसहित देशभर प्रशासनिक भवन, प्रमुख दलका नेताका घरसम्पत्ति एवं व्यापारिक प्रतिष्ठान जलेर नष्ट भएसँगै नयाँ सरकार गठन र देश क्रमशः लयमा फर्किने प्रयासमा रहँदा राष्ट्रपति पौडेल सरकार र दलबिच संवादको वातावरण बनाउन अग्रसर हुनुभएको हो। बैठकमा दलका नेताले निर्वाचनमा जाने नजाने तय भइनसकेको र केन्द्रीय कार्यसमितिबाट निर्णय गर्ने बताउँदा प्रधानमन्त्री कार्कीले भने निर्वाचनको वातावरण बनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो। दलका नेताको अभिव्यक्ति केही जिम्मेवार र केही आक्रोशयुक्त पनि रहेको बैठकमा सहभागीले जनाएका छन्।

निर्वाचनमा केन्द्रित हुन आग्रह

राष्ट्रपति रामचन्द्र पौडेलले देश, जनता, लोकतन्त्र र संविधानको रक्षाका लागि निर्वाचन एक मात्र विकल्प भएको प्रस्ट पार्नुभयो। उहाँले फागुन २१ गतेका लागि तय भएको प्रतिनिधि सभा निर्वाचनमा केन्द्रित हुन दलहरूलाई आग्रह गर्नुभयो। राष्ट्रपति पौडेलले लोकतन्त्रको रक्षाका लागि सबै मिलेर निर्वाचन सम्पन्न गराउनुपर्ने बताउँदै राजनीतिक दलमा कुनै दुबिधा र अस्पष्टता भए बैठकमा राख्न आग्रह गर्नुभयो। उहाँले निर्वाचनबाहेक अन्य विकल्प खोज्न थालिएमा यसले देशलाई कहाँ पुऱ्याउँछ भन्ने पनि सोच्न आग्रह गर्नुभयो।

उहाँले पार्टीहरूले पनि कुनै किसिमको दुबिधा सिर्जना नगरी जेन्जीको माग पनि आफूहरूले पूरा गर्ने भनेर जनतामा जान आग्रह गर्दै दलहरूको सुरक्षाको चिन्तालाई सरकारले तत्काल सम्बोधन गर्नुपर्ने बताउनुभयो। राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलका अनुसार राष्ट्रपति पौडेलले शान्ति सुरक्षाको आवश्यक प्रबन्ध गरी निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन गराउने विश्वास आमनागरिकलाई दिलाउन सरकारलाई सुझाव दिनुभयो।

भयरहित निर्वाचन हुन्छ : प्रधानमन्त्री

प्रधानमन्त्री सुशीला कार्कीले दलहरूको सहभागिताबिना निर्वाचन नहुने विषयमा सरकार जानकार रहेको बताउनुभयो। उहाँले स्वतन्त्र निष्पक्ष र भयरहित निर्वाचन गराउन सरकारले शान्ति सुरक्षाको प्रबन्ध गर्ने विश्वास दिलाउनुभयो। उहाँले जेनजीहरू हामी सबैका छोराछोरी भएकाले उनीहरूबाट किन अहिले यस्तो असन्तुष्टि व्यक्त भयो भन्ने बुझेर परिवर्तनलाई आत्मसात् गर्दै अगाडि बढ्न दलहरूलाई आग्रह गर्नुभयो।

राजनीतिक दलको आग्रह

राजनीतिक दलका नेताले लोकतन्त्रमा विश्वास गर्ने राजनीतिक दल निर्वाचनमा जान सधैं तयार रहेको बताएका छन्। बैठकमा सहभागी नेकपा (एकीकृत समाजवादी) का नेता राजेन्द्रप्रसाद पाण्डेका अनुसार दलका प्रतिनिधिले निर्वाचनको वातावरण, लुटिएका हतियारबाट हुने खतरा र सरकार निर्वाचनप्रति गम्भीर छ/छैन भन्ने कुरा बैठकमा राख्नुभएको थियो।

पाण्डेले भन्नुभयो, "अझै पनि प्रहरीबाट लुटिएका हतियार कहाँ छन् भन्ने प्रस्ट छैन। सरकारले निर्वाचन गराउने हो कि नेता थुन्नेतर्फ लाग्ने हो ? सुरक्षाको प्रत्याभूति कसरी गर्ने हो भन्नेलगायत समग्र विषयमा सरकारको ध्यानाकर्षण गराइएको छ।"

उहाँका अनुसार कांग्रेस र एमालेका नेताले केन्द्रीय कार्यसमिति बैठक बसेपछि मात्रै निर्वाचनमा सहभागी हुने सन्दर्भमा निर्णय गर्ने प्रस्ट पारेका छन्। अन्य नेताले अहिलेको सुरक्षा व्यवस्थाले निष्पक्ष र स्वतन्त्र वातावरणमा निर्वाचन हुने विषयमा संशय पैदा भएको बताए। उनीहरूले यो शङ्का र संशय हटाएर निष्पक्ष, स्वतन्त्र र भयरहित वातावरणमा निर्वाचन सम्पन्न हुने विश्वास दिलाउन सरकारले सक्नुपर्ने बताए।

जेनजी प्रतिनिधिसँग पनि छलफल

राष्ट्रपति पौडेलले शनिबार जेनजीका प्रतिनिधिसँग पनि निर्वाचनका सन्दर्भमा परामर्श गर्दै हुनुहुन्छ। सरकारसँग निरन्तर संवादमा रहेका जेनजी प्रतिनिधिलाई उहाँले छलफलका लागि बोलाउनुभएको छ। प्रेस सल्लाहकार पोखरेलले भन्नुभयो, "निर्वाचन र निर्वाचनका लागि वातावरण बनाउने सन्दर्भमा नै जेनजीका प्रतिनिधिसँग राष्ट्रपतिले छलफल गर्दै हुनुहुन्छ।"

सर्वदलीय बैठकमा नेपाली कांग्रेसका उपसभापति पूर्णबहादुर खड्का र महामन्त्री गगनकुमार थापा, नेकपा (एमाले) का वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल र महासचिव शङ्कर पोखरेल, नेकपा (माओवादी केन्द्र) का वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ, उपमहासचिव वर्षमान पुन सहभागी हुनुहुन्थ्यो।

राष्ट्रिय स्वतन्त्र पार्टीका कार्यवाहक सभापति डो लप्रसाद अर्याल र सहमहामन्त्री विपिनकुमार आचार्य, राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रवक्ता ज्ञानबहादुर शाही र मीना लामा, एकीकृत समाजवादीका वरिष्ठ उपाध्यक्ष राजेन्द्रप्रसाद पाण्डे र महासचिव धनश्याम भुसाल सहभागी हुनुहुन्थ्यो।

त्यस्तै जनता समाजवादी पार्टीकी नेतृ रेनु यादव, जसपा नेपालका नेता विद्युत् वज्राचार्य र प्रकाश अधिकारी, जनमत पार्टीका अध्यक्ष डा. चन्द्रकान्त (सिके) राउत र डा. जयकुमार राउत, लोकतान्त्रिक समाजवादी पार्टीका ज्ञानेन्द्र झा र सर्वेन्द्रनाथ शुक्ला, नागरिक उन्मुक्ति पार्टीका नेता रेशमलाल चौधरी र नेपाल मजदुर किसान पार्टीका नेता सुनील प्रजापती सहभागी हुनुहुन्थ्यो।





भूमिहीन सुकुम्वासी भन्छन- सरकार फेरिनासाथ हामीमाथि नै पहिलो प्रहार किन?

● भगवती पाण्डे



मनिष सुवाल बुटवल-११ प्रगतीनगरको दुर्गा पथमा बस्न थालेको २८ वर्ष भयो। अहिले ३५ वर्ष पुगेका मनिष प्रगतीनगरमा बस्न सुरु गर्दा सात वर्षका थिए।

प्रगतीनगरको बस्तीमा आफ्नो बाल्यकाल र युवावस्थाको पनि झन्डै आधा अवधि बिताए। त्यहींको बाटो, घाटो र तिनाउको किनारमा खेल्दै हुर्किएका मनिषलाई आफू र आफ्नो बस्तीले पाएको सुकुम्वासीको परिचयले सधैं पिरोलिरहन्छ।

यस पटक उनलाई लागेको थियो, आफ्नो र परिवारको सुकुम्वासीको पहिचान फेरिने छ। सानो घर बनेको ६ धुर जमिनको टुक्राले पुर्जा पाउने छ। सानो टुक्रा नै होस्, आफू पनि जमिनको मालिक बन्ने छु। तर मनिषको त्यो सपना भने सरकारको एउटै निर्णयले भताभुंग भएको छ।

यसअघिको भूमि समस्या समाधान आयोग गठन भएपछि जग्गा नापजाँच गर्ने, राजस्व बुझाउन सूचना जारी गर्ने लगायतका काम गर्दा अहिले भने लालपुर्जा पक्का पाइन्छ भन्नेमा उनी ढुक्क थिए।

जेनेजी आन्दोलनपछि बनेको सरकारले बिहीबार भूमि समस्या समाधान आयोग खारेज गरेपछि भने अब कहिल्यै जग्गाको लालपुर्जा पाइएला र सुकुम्वासीको परिचय हट्ला भन्ने आशा हराएको उनले बताए।

'एउटा लालपुर्जाले हामी जग्गाको मालिक बन्ने मात्र होइन, सुकुम्वासी भनेर जुन ट्याग लगाइएको छ त्यो हट्नेछ भन्ने आशा थियो। आयोग विघटन भएपछि त्यो सबै आशा हरायो,' उनले भने।

रोजगारीका लागि साढे चार वर्ष कोरिया बसेका मनिष केही महिना पहिले घर फर्किएका मनिषलाई जग्गाको लालपुर्जा पाएपछि बैंकबाट ऋण निकालौं र कुनै व्यवसाय गरौंला भन्ने लागेको थियो। साथै अहिलेसम्मको सुकुम्वासीको पहिचान हट्छ भन्ने पनि सोच थियो।

'सानोतिनो व्यवसाय त अहिले पनि गरिरहेकै छौं। म आफैं पनि रोजगारीका लागि कोरिया गएर आएको हुँ। फेरि जाने तयारीमा छु। लालपुर्जा पाएर बैंकबाट ऋण नै निकाल्ने भन्दा पनि लालपुर्जा बिनाको सुकुम्वासी बस्ती भन्ने परिचय फेरिन्थ्यो भन्ने आशा थियो,' उनले भने।

आफूहरूको सक्रियतामा बस्तीमा बाटोघाटो, बिजुली, खानेपानी, विद्यालय लगायतका सबै सुविधा भए पनि सुकुम्वासी बस्ती भन्ने बित्तिकै असुरक्षा र चोरी, डकैतीको त्रास हुन्छ भन्ने बुझाइ हुने गरेको र त्यसले आफूलाई पीडा दिने गरेको बताए।

उनले सुकुम्वासी बस्तीमा घर छ भन्ने बित्तिकै आफ्नै साथीहरू पनि घरमा आउन हिचकिचाउने गरेको बताए।

'यहाँका सबै जग्गाधनीले पुर्जा पाउँदा बस्तीले पनि पहिचान पाउँछ। घर कहाँ हो भनेर कसैले सोध्यो भने बुटवलको प्रगतीनगर भनेर गर्वका साथ भन्न सक्ने थियौं। "हामी पनि तिमीहरूजस्तै जग्गाका मालिक भएका छौं, सुकुम्वासीबाट हाम्रो पनि परिचय फेरिएको छ" भनेर भन्न सक्थ्यौं। एउटा आयोग खारेजको निर्णयले ती सबै सपना चकनाचुर भए,' उनले भने।

जग्गाधनी पुर्जाबाटै सुकुम्वासी वा अव्यवस्थित बस्तीका बासिन्दालाई व्यवस्थित र जिम्मेवार बनाउँदै सरकारको नियममा ल्याएर सरकारको राजस्व समेत बढाउन सकिने उनले बताए।

'लालपुर्जा पाउने बित्तिकै त्यो व्यक्ति राजस्वको दायरामा आएको हुन्छ। त्यसले उसलाई जिम्मेवार र राज्यप्रति जवाबदेही पनि बनाउँछ,' उनले भने।

मनिषले आफू प्रगतीनगरमा बसेको २८ वर्षमा ११ वटा आयोग गठन भए पनि लालपुर्जा पाउन नसकेको भन्दै अबका कुनै पनि सरकारलाई आयोग गठन नगर्न सुझाव दिए।

'गठन गरिएको आयोगले थोरै काम के सुरु गरेको हुन्छ, सरकार परिवर्तन भइहाल्छ। नयाँ सरकारको पहिलो काम नै भूमि आयोग विघटन गर्ने हुन्छ। जुन सरकार आए पनि भूमिहीन सुकुम्वासीमाथि नै किन प्रहार हुन्छ, हामीले बुझ्न सकेका छैनौं,' उनले भने।

२०७० सालमा प्रगतीनगरको शान्ति पथमा जग्गा किनेर बसोबास गर्दै आएका डिलाराम अधिकारी पनि हरेक पटक सरकार फेरिँदा सबैभन्दा पहिले आफूहरूमाथि नै प्रहार हुँदै आएको बताउँछन्।

लालपुर्जा वितरणका लागि भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीहरूको लगत संकलन, जग्गा नापजाँच र कतिपय स्थानमा लालपुर्जा वितरणका लागि राजस्व समेत बुझाइसकेको अवस्थामा आयोग खारेज गरेर सरकारले आफूहरूको सपनामाथि कुठाराघात गरेको अधिकारीले आरोप लगाए।

केपी ओली नेतृत्वको सरकारले गत कात्तिक १३ गते तीन वर्ष कार्यअवधि तोकेर गठन गरेको भूमि समस्या समाधान आयोगलाई अहिलेको सरकारले बिहीबार खारेज गरिदिएको छ।

भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीका समस्या समाधान गर्न भन्दै गठन गरिएका आयोगलाई हरेक पटक सरकार परिवर्तन हुँदा खारेज गर्ने प्रवृत्तिलाई पछिल्लो सरकारले पनि निरन्तरता दिँदा लालपुर्जाको आशामा तीन दशकदेखि बसेकाहरूको मन कुँडिएको छ।

२०५४ सालदेखि प्रगतीनगरमै बस्दै आएका ज्ञानसिंह श्रेष्ठलाई आफू बसेको जमिनको लालपुर्जा एक दिन भए पनि सिरानीमुनि राखेर सुत्ने धोको थियो।

पटक-पटक आयोग बने पनि लालपुर्जा पाउन नसकेका ज्ञानसिंहलाई यस पटक भने पक्कै लालपुर्जा पाइन्छ भन्ने लागेको थियो।

आयोग, बुटवल उपमहानगरपालिका र नापी कार्यालयले जग्गाको नापजाँच गरेर लगेको थियो। लालपुर्जाका लागि राजस्व बुझाउन सूचना निकाल्ने तयारी भइरहँदा आयोग नै खारेज भएपछि लालपुर्जा सिरानीमुनि राखेर सुत्ने धोको अधुरै रहने हो कि भन्ने उनलाई चिन्ता थपिएको छ।

'खोइ, ८० वर्षको भइसके। अब त समय पनि कम छ। फेरि आयोग बन्ला र त्यसले दिएको लालपुर्जा सिरानीमुनि राखौंला भन्ने आशा हरायो। लालपुर्जा सिरानीमुनि राखेर सुत्न पाए अलि राम्रो सपना देखिन्थ्यो कि भन्ने आशा थियो। अब त आशा पनि हरायो,' उनले भने।

यसअघि पनि झन्डै एक दर्जन आयोग बने पनि सरकार र राजनीतिक दलहरूको बेवास्ता र ढिलासुस्तीले आफूहरू वर्षौंदेखि लालपुर्जाविहीन भएर बस्नुपरेको उनले गुनासो गरे।

'अहिले मात्र भए पो आयोग बन्ने, खारेज हुने र फेरि नयाँ बन्ने धेरै पटक भयो। अहिले भने भूमि आयोगले धेरै काम गरेको थियो। खारेज नभएको भए एक दुई महिनामा त लालपुर्जा पाइन्थ्यो भन्ने लाग्छ। तर देशमा बितण्डा भएर फ्याट्ट सरकार परिवर्तन भएपछि आयोग पनि खारेज गऱ्यो भन्ने सुनियो,' उनले भने।

जनताकै कामका लागि भनेर गठन भएका यस्ता आयोगहरूलाई जुन सरकार आए पनि उनीहरूलाई दिएको जिम्मेवारी पूरा गर्न दिनुपर्ने माग नेपालको राजनीतिक अस्थिरताको सिकार सबैभन्दा बढी गरिब जनता नै हुने गरेको उनले बताए।

भूमि समस्या समाधान आयोग रुपन्देहीका अध्यक्ष कुमार थापा पनि पुर्जा वितरणका लागि धेरै काम सम्पन्न भइसकेको अवस्थामा आयोग नै खारेज गरेर सरकारले जनतालाई पीडा दिएको बताउँछन्।

निश्चित जिम्मेवारी र अवधि तोकेर गठन भएका आयोगहरू खारेज हुनु जुन सरकारले गरे पनि गलत हुने भएकाले व्यक्ति परिवर्तन गरे पनि आयोग नै खारेज गर्न नहुने उनको तर्क छ।

गत माघमा आफूले आयोगको जिम्मेवारी प्राप्त गरेपछि लालपुर्जा नभएका सबै पालिकाहरूमा धेरै काम सम्पन्न गरिसकेको र दुई महिनाभित्र २५ हजार हाराहारीलाई पुर्जा वितरण गर्ने अन्तिम तयारीमा रहेको बेला आयोग नै विघटन गरिएको उनले बताए।

कञ्चन गाउँपालिका तथा देवदह र सैनामैना नगरपालिकामा राजस्व बुझाएर पुर्जा समेत तयार भइसकेकोले जनतालाई तयार भएको पुर्जा वितरण गर्नुपर्ने थापाले बताए।

'हामीले पहिलो पटक असार २२ गते कञ्चनका ४५१ परिवारलाई पुर्जा वितरण गरेका थियौं। त्यसपछि पनि त्यहाँ पुर्जा वितरण गने तयारी भइरहेको थियो। देवदहमा ७६४ परिवार र सैनामैनामा १६४ परिवारले राजस्व बुझाएर लालपुर्जा बनेर तयार भएका थिए। आयोगले निर्णय गरेर नगरपालिकालाई हस्तान्तरण गर्न मात्र बाँकी थियो,' थापा भन्छन्।

उनले बुटवलमा पनि १५ हजार भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीको जग्गा नापजाँच गरेर सकिएको र राजस्व बुझाउने सूचना निकाल्ने तयारी भइरहँदा आयोग खारेज भएको बताए।

१५ दिन आयोग खारेज नभएको भए ३ हजारदेखि ३५ सय हाराहारी पुर्जा वितरण गर्ने तयारी रहेको उनले बताए।

'जनतालाई जहिले पनि आयोग बन्छ, खारेज हुन्छ भन्ने थियो। नापजाँच गर्न जाँदा हामीसँग त्यो आक्रोश देखाउनुहुन्थ्यो। अहिले पुर्जा वितरण गर्ने गरी काम भइरहेको थियो। एक वर्षभित्रमा सबैलाई पुर्जा वितरण गर्ने गरी काम गरेका थियौं। सबै स्थानीय तह र नापी कार्यालयले धेरै सहयोग गरेका थिए। बुटवल उपमहानगरपालिकाले त नापजाँच, लगत संकलन र पुर्जा बनाउने कामकै लागि ३६ जना कर्मचारी राखेर काम गरेको थियो,' थापा भन्छन्।

बुटवलमा केही परिवारलाई यसअघि नै लालपुर्जा वितरण गरिसकेर तयारी भए पनि मालपोत अधिकृतको असहयोगका कारण पूरा हुन नसकेको भन्दै कतिपय क्षेत्रमा नियत खराब भएका कर्मचारीका कारण जनताले दुख पाउने र त्यसको दोष सरकार र राजनीतिक नेतृत्वले पाउने गरेको उनले बताए।

'आयोगले दिएको लालपुर्जा मालपोत कार्यालयले ६० दिनभित्र अद्यावधिक गर्नुपर्ने हुन्छ। बुटवलका तत्कालीन मालपोत अधिकृतले असहयोग गरेका कारण बुटवलमा समयमै वितरण गर्न सकिएन,' उनले भने।

जिल्लामा गठन भएका आयोगमा अध्यक्षसहित चार जना सदस्य सरकारले नियुक्त गरेका व्यक्ति भए पनि अरू पाँच जना सरकारी कर्मचारी हुने गरेको र लालपुर्जा वितरणमा कुनै पनि राजनीतिक स्वार्थ नमिसिएकोले राजस्व बुझाएर तयार भएका पुर्जाहरू सम्बन्धित स्थानीय तह वा जिल्ला प्रशासनमार्फत वितरण गर्नुपर्ने उनले बताए।

थापाका अनुसार सरकारले लालपुर्जाका लागि जग्गाको वर्गीकरण गरी न्यूनतम ५ प्रतिशतदेखि १० प्रतिशतसम्म राजस्व तोकेको थियो। कृषि क्षेत्रभित्र पर्ने ५ कट्ठासम्मको जग्गाका लागि ५ प्रतिशत र त्योभन्दा माथि १० प्रतिशत राजस्व तोकिएको थियो।

भूमि सम्बन्धी ऐन (आठौं संशोधन) मा भूमिहीन सुकुम्वासीलाई तोकिएको क्षेत्रफल निःशुल्क र अव्यवस्थित बसोबासीलाई प्रकृति, क्षेत्रफल, मूल्याङ्कन र आबादको अवधि समेत हेरी निश्चित शुल्क लिई जग्गा उपलब्ध गराउने व्यवस्था गरिएको छ।

थापाका अनुसार रुपन्देहीमा १० हजार हाराहारी दलित तथा भूमिहीन सुकुम्वासी र ९० हजार हाराहारी अव्यवस्थित बसोबासी गरी १ लाख हाराहारी परिवार वर्षौंदेखि आफू बसेको जग्गाको लालपुर्जा पाउने आशामा रहेका छन्।

नेपालभरि १३ लाखदेखि १५ लाखसम्म लालपुर्जाविहीन जनता रहेकोले जुन सरकार आए पनि उनीहरूको समस्या समाधान गर्नुपर्ने उनले बताए।





बर्दिबास

स्वतन्त्र युवाद्वारा नगरपालिकामा ज्ञापनपत्र



● टक नेपाल

बर्दिवास स्वतन्त्र युवा (बर्दिवास रेभुलेसन) ले शुभस्वस्तिक अस्पतालमा भएको लापरबाहीप्रति आपत्ति जनाउँदै बर्दिवास नगरपालिकामा ज्ञापनपत्र बुझाएका छन्।

ज्ञापनपत्रमा भनिएको छ कि सिटी स्क्यानको क्रममा एपेन्डिक्स नभएको व्यक्तिलाई एपेन्डिक्स भएको भनी गलत रिपोर्ट तयार गरी उपचारका लागि सल्लाह दिइएको थियो। उक्त रिपोर्ट गलत भएको जनसे वा अस्पतालको परीक्षणबाट पुष्टि भइसकेको पनि उल्लेख छ।

युवाहरुले बिरामी मन्दिप चुरौटे को रिपोर्टमा देखिएको गम्भीर त्रुटि विषयमा असोज २२ गते सर्वपक्षीय छलफलबाट निष्कर्षमा पुगिएको र सहमति बनेको अवस्थामा पनि शुभस्वस्तिक अस्पतालले त्यसै राति जारी गरेको प्रेस विज्ञप्तिले भ्रम सिर्जना गरेको भन्दै आपत्ति जनाएका छन्।

ज्ञापनपत्रमा भनिएको छ, "स्वास्थ्य जस्तो संवेदनशील विषयमा भएको गल्ती पुनः नदो होरियोस् भन्ने उल्लेख गरिएको छ । युवाहरूमध्ये सर्वपक्षीय छलफलबाट बनेको सहमतिको विपरीत गल्ती स्वीकार नगरी युवाहरूमाथि नै दोषारोपण गर्नु अस्पताल प्रशासनको गैरजिम्मे वार व्यवहार भएको आरोप लगाइएको छ।

बर्दिवास स्वतन्त्र युवाले अस्पतालको यस्ता कार्यले दीर्घकालीन रूपमा स्वास्थ्य क्षेत्रमा विश्वास घटाउने र से वाग्राहीहरूमा त्रास सिर्जना गने खतरा रहेको भन्दै शुक्रबार बर्दिबास नगरपालिकका मे यर प्रहलाद कुमार क्षेत्रीलाई १३८ जना युवाहरूले सामुहिक हस्ताक्षर सहित ध्यानाकर्षण गराएका छन्।

जेन-जीका चार प्रतिनिधि मन्त्री बन्ने



● टक नेपाल

प्रधानमन्त्री सुशीला कार्कीले जेन-जी (न्भलश) प्रतिनिधिहरूलाई समेटेर मन्त्रिपरिषद् विस्तार गने तयारी थालेकी छिन्। प्रधानमन्त्री कार्यालयका अनुसार आगामी सोमबारसम्म शपथ ग्रहण गराउने गरी चार नयाँ मन्त्री नियुक्त हुने तयारी भइरहेको छ।

शुक्रबार साँझ प्राप्त जानकारीअनुसार मन्त्रीहरूको नाम टुंगो लागेको छ। जेन-जीको तर्फबाट मन्त्री बन्ने चार जनामा गणपतिलाल श्रेष्ठ, बब्लु गुप्ता, रामजी राम र टासी ल्हाजोम रहेका छन्।

गणपतिलाल श्रेष्ठलाई संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय,

बब्लु गुप्तालाई युवा तथा खेलकुद मन्त्रालय,

रामजी रामलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, र

टासी ल्हाजोमलाई महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको जिम्मेवारी दिइने भएको छ।

प्रधानमन्त्री कार्यालय स्रोतका अनुसार टासीको नामबारे अन्तिम छलफल भइरहेको छ।

गणपतिलाल श्रेष्ठ देशका ऐतिहासिक सम्पदाहरू संरक्षणका अभियन्ता हुन्। भूकम्पपछिको पुनर्निर्माणका क्रममा रानीपोखरी, पशुपति क्षेत्र, बालगोपालेश्वर मन्दिर र खुलामञ्चको संरक्षणका लागि उनी सक्रिय रहँदै आएका छन्।बब्लु गुप्ताले कोभिड-१९ महामारीको समयमा 'निःशुल्क खाना अभियान' सञ्चालन गरेका थिए। उनले 'कपडा बैंक' स्थापना गरेर विपन्नलाई सहयोग पुऱ्याएका छन्। हाल 'हन्ड्रेड ग्रुप'मार्फत करिब ११० विद्यार्थीलाई निःशुल्क शिक्षण गराउँदै आएका उनी जेन-जी आन्दोलनका अगुवामध्ये एक हुन्।

रामजी राम रौतहट जिल्लाको चमार समुदायबाट पहिलो डाक्टर बनेका व्यक्ति हुन्। आर्थिक कठिनाइका बाबजुद पढाइ पूरा गरेका उनी स्वास्थ्य सेवामा सुधारका पक्षधरका रूपमा परिचित छन्।

टासी ल्हाजोम हुम्लाको लिमि भ्यालीस्थित नाम्खा गाउँपालिकाकी हुन्। जलवायु परिवर्तनको मुद्दामा सक्रिय रहेकी उनले भारतको दिल्ली विश्वविद्यालयअन्तर्गत हिन्दु कलेजबाट स्नातक तह अध्ययन गरेकी छन्।

प्रधानमन्त्री कार्कीले जेन-जी आन्दोलनमा सक्रिय अन्य युवालाई पनि प्रधानमन्त्री सचिवालयमा समेट्ने तयारी गरेकी छिन्।

गत २३ र २४ भदौमा भएको आन्दोलनपछि बने को अन्तरिम सरकारको नेतृत्व सुशीला कार्कीले २७ भदौमा सम्हालेकी थिइन्। त्यसयता उनले दुईपटक मन्त्रिपरिषद् विस्तार गरिसकेकी छन्। हालसम्म उनको मन्त्रिपरिषद् ८ सदस्यीय छ, जुन अब विस्तारपछि १२ सदस्यीय हुने अपेक्षा गरिएको छ।

छठ र दीपावलीका लागि

माटाका भाँडा बनाउन व्यस्त कुम्हार समुदाय

● लक्ष्मी चौधरी



छठ र दीपावली पर्व नजिकिँदै जाँदा धनुषासहित मधेशका विभिन्न ठाउँका कुम्हार समुदायका मानिस माटाका सामग्री बनाउने काममा निकै व्यस्त भएका छन्।

जनकपुरधाम उपमहानगरपालिका वडा २४ बसहियाका कुम्हार समुदाय बिहान सबेरैदेखि बेलुकी ढल्केसम्म छठ तथा दीपावलीमा प्रयोग हुने दियो, कलश, ठेकी, भाँडा र अन्य पूजामा प्रयोग हुने सामग्री बनाउनमै व्यस्त भएका हुन्।

चाडपर्व नजिकिएसँगै बजारमा माटाका सामग्रीको माग तीव्र रूपमा बढेपछि कुम्हारहरूलाई अर्डर पुऱ्याउनसमेत हम्मे परे को जनकपुरधाम वडा नं। २४ बसहियाकी कुम्हार महिला कौशिल्या देवी बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "माटाको सामग्री पूजापाठका लागि शुद्ध मानिन्छ। दीपावली र छठमा विशेष गरी माटाका भाँडाकै प्रयोग हुने भएकाले अहिले माग धेरै हुन्छ।" उहाँका अनुसार कुम्हारहरू बिहान सबेरैदेखि साँझ ढल्दासम्म माटो मोल्ने, भाँडा बनाउने र पोल्ने काममा व्यस्त रहन्छन्।

त्यस्तै, सोही बस्तीका कुम्हार ७० वर्षीया परीक्षण पण्डित भन्नुहुन्छ, "छठ र दीपावली आउँछ भने हाम्रो घरमा पनि पर्व आउँछ। बिहानदेखि बेलुकीसम्म काम गर्छौं, नत्र माग पुऱ्याउन सकिँदैन।" उहाँका अनुसार दीपावली तथा छठका लागि माटाका दियो, कलश, ठेकुवा राख्ने भाँडा, डिविया र धूपदानीजस्ता वस्तुको माग अहिले निकै बढेको छ। उहाँ दैनिक झण्डै एक हजार माटाका दियो बनाउनुहुन्छ, जुन जनकपुरधाम र आसपासका बजारहरूमा नै खपत हुन्छ।

वर्षभरि विभिन्न चाडपर्व आउने भए पनि दीपावली र छठका समयमा माटाका सामग्रीको माग अत्यधिक हुने कुम्हारहरू बताउँछन्। "सबैजना अहिले यही काममा व्यस्त छौं," कौशिल्या भन्छिन्, "तर मेहनत अनुसारको दाम पाउन गाह्रो छ। बजारमा गएर बेच्ने ठाउँ हुँदैन, व्यापारीलाई दिए पनि आम्दानी थोरै हुन्छ।"

तर बजारको चमक र प्रतिस्पर्धाले कुम्हारको परम्परागत पेशामा चुनौती थपे को छ। प्लास्टिक, पितल तथा विद्युतीय सामग्रीले बजारमा सहजै उपलब्ध भएपछि माटाका भाँडाको माग पहिले जस्तो छैन। "माटोका सामग्री बनाउन धेरै परिश्रम पर्छ, तर आम्दानी कम हुन्छ," कुम्हारहरुको गुनासो छ।

धार्मिक आस्थाले भने अझै माटाका भाँडाको स्थान जोगाइरहेको छ। स्थानीय ग्राहक गीता साह भन्नुहुन्छ, "छठमा त माटो को कलश र दियालो अनिवार्य हो। यसले पूजा पवित्र हुन्छ भन्ने विश्वास छ।"

कुम्हार समुदायको जीवन अझै पनि माटो र परम्परासँग गाँसिएको छ। उनीहरूले माटो गुठीले उपलब्ध गराएको जमिनबाट ल्याउने गरेका छन्। तर, समयसँगै आफ्नो परमपरागत पेशाले पनि निरन्तरता पाउनुपर्ने र माटाका सामग्री बनाउनका लागि आवश्यक स्रोत साधन उपलब्ध भइदिए भावी पुस्तालाई यो पेशामा जोड्न सहज हुने कुम्हार बताउँछन्। कुम्हार समुदायका लागि यो सीप केवल रो जगारी मात्र होइन, पहिचान पनि हो।

बसहियाका ४० घर कुम्हार समुदायकै बसो वास छ, जसमा अधिकांश परिवारले माटाकै सामग्री बनाउने गर्छन्।

सर्पले टोकिहालेमा के गर्ने ?

- सर्पले टोकेको व्यक्तिलाई कोल्टे सुताउने । ढाडमा उत्तानो सुताउँदा श्वासप्रश्वासमा अवरोध पुग्नसक्छ ।
- घाउ चुसेर वा काटेर विष निकाल्न नखोज्ने । घाउ भएको शरीरको भाग धेरै चलाउन नदिने ।
- घरेलु उपचार, जडिबुटीको प्रयोग र झारफुक गराउनेतिर नलाग्ने । अबिलम्ब चिकित्सा उपचार गराउने ।

सर्पको टोकाईको समयमै उपचार गरिएन भने व्यक्तिको ज्यानै समेत जान सक्छ । त्यसैले सर्पले टोकेको खण्डमा चाँडोभन्दा चाँडो सर्पले टोकेको व्यक्तिलाई नजिकको अस्पताल वा सर्पदंश उपचार केन्द्रमा लगिहाल्नोस् ।

भंगहा नगरपालिका, मधेश प्रदेश, महोत्तरी

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशक: तुलसामाया कार्की, अध्यक्ष निर्देशक: ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बदिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014